Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.


# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर



## ओरजिनल माईग्रेसन हरायो

यहि मिति २०७८ साल भदौ १५ गतेको दिन उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको हवाई फिल्ड तरकारी बजार देखि मोतिगडा क्याम्पस गेट सम्म जाँदै गर्दा म सँग भएको निम्न ब्यहोरा भएको शैक्षिक प्रमाणपत्रको ओरजिनल माईग्रेसन हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकीमा या तलको मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

नाम - हरी बहादुर बुढाथोकी

ठेगाना - त्रिनपा ११ एस.एस नम्बर १३७१० रोल्न नं. २७०६६३१९८ सम्पर्क मोबाईन नं. ९८६९७३०११४


■ बर्ष-१७, ▶▶ अंक १२ भदौ २९ गते मंगलबार,२०७८, Septmber–14 Tuesday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# एमसीसी खारेज गर्न बिप्लब नेकपाको आव्हान

मुलुकी संवाददाता
उदयपुर, भदौ २८

नेत्रबिक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले अमेरिकन सहयोग मिल्लेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) खारेज गर्न माग गर्दै गाईघाटमा सोमबार बिरोध प्रदर्शन गरेको छ। युवा, विद्यार्थी, महिला र पार्टी नेता कार्यकर्तासहित निस्केको र्‍याली बजार परिक्रमापछि लोकतान्त्रिक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।




कोणसभामा पार्टी जिल्ला इन्चार्ज बिबेक कुमाल, जिल्ला सेक्रेटरी लक्ष्मण पौड्याल, कटारी नगर इन्चार्ज अमृत खत्रीलगायतले एमसीसी खारेज गर्न माग गर्दै अन्यथा सशक्त आन्दोलन गर्न पार्टी बाध्य हुने चेतावनी दिएका थिए । एमसीसी नेपाली जनता, देश र भविष्यका लागि अन्धकार युगको सुरुङ भएको भन्दै नेताहरुले कुनै पनि हालतमा लागू गर्न नहुने अडान वक्ताहरुले लिएका थिए ।

नेताहरुले संसदीय व्यवस्था नेपालमा असफल भईसकेकाले अब त्यसको बिकल्पमा वैज्ञानिक समाजबादी व्यवस्थाको स्थापना गर्नुपर्ने अडान पार्टीले लिएको भन्दै त्यसका लागि सम्पूर्ण जनता एकजुट भएर अघि बढ्नुपर्ने अवस्था आएको बताए । ००७ सालको क्रान्ति, ०४६ सालको पञ्चायनविरोधी आन्दोलन र १० वर्षे जनयुद्धपछिको ०६३ को राज्य व्यवस्था परिवर्तन भए - *बाकी ४ पेजमा*

# गाईघाट बजारभरी मापदन्द विपरितको गुणस्तहीन पानीको जार

मुलुकी संवाददाता
उदयपुर, भदौ २८

उदयपुर जिल्लाको सदर मुकाम गाईघाट बजार भरी खानेपानी जारको पानीमा गुपस्तर हिन भएको पाईएको छ। त्रियुगा नगरपालिकाको गाईघाट बजार क्षेत्रमा खानेपानीको जारमा बिना स्टीकर, बिना लेबलिङको पानीको जार बिक्रि बितरण गरिएको पाईएको हो । खानेपानी खुद्रा बिक्रेताहरुले पानीमा लापारबाही गरेका हुन् ।

गाईघाट बजार आसपास क्षेत्रको बजारमा खानेपानीको जारमा यस्तो समस्या आएको हो । बजारमा बिक्रि हुने अधिकांश खानेपानीको जारमा स्टीकर पाईदैन। गत साउ



४ गते गाईघाटमा यस्तै खानेपानीको जारमा मरेको भ्यागुतो भेटिएको थियो । उक्त खानेपानीको जारमा पनि खानेपानीको बोटलमा स्टीकर नभएको कारण सो घटाना अझै टुङ्गो लगाउन सकेको छैन ।








यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर।
प्रोपाइटर - सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



### सम्पादकीय

## बजार अनुगमन गर्ने बेला कहिले - कहिले हो ?

२०७८ साल भाद्र ४ गते शुक्रबार उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजारको एक औषधी पसलमा खानको लागि किनिएको पानीको जारमा मरेको भ्यागुतो ५० बर्षिय प्रतिमा चौधरीले फेला पारिन। उदयपुर जिल्लामा खाद्य तथा गुण नियन्त्रणको संयोजक प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था रहेको छ। गाईघाटमा अहिले दुई वटा खानेपानी उत्पादन गर्ने कम्पनीहरु छ । रौता खानेपानी र स्प्रिङ खानेपानी कम्पनी । शुक्रबार भ्यागुतो फेला परेको खानेपानीको जारमा कुनै पनि कम्पनीको स्टीकर देखिएन । खानेपानी बिक्रि गर्ने बिक्रेताको कमजोरीको कारण सो पानी कुन कम्पनीले उत्पादन गरेको हो भन्ने अनुसन्धान भईरहेको छ ।

खानेपानीको जारमा मरेको भ्यागुतो भेटेपछि सो घटनाबारे उदयपुरका प्रमुख जिल्ला अधिकारी तुलसी राम सेढाईलाई सम्पर्क गर्दा उनले जिल्लाको खाद्य तथा गुण नियन्त्रणको जिम्मेवारी सहायक प्रमुख जिल्ला अधिकारी बिनोद कुमार पोखरेललाई दिएको भने पछि उनलाई सम्पर्क गरियो। सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले घटना बारे तत्काल जानाकारी पाउन साथ जिल्ला प्रशासन कार्यालय उदयपुरका सुब्बा नायब सुब्बा दिल बहादुर धौलाकोटीलाई घटनास्थल तर्फ पठाए। नासु धौलाकोटीले सो घटनाको मुचुल्का टिपोट गरेर लगेका छन् । यि कार्य त औपचारिकता पुरा गर्न भए । अब ति पानी बेच्ने कम्पनीलाई के कारवाही हुन्छ भन्ने प्रश्न खडा भएको छ। बजारमा खुलमखुल्ला बिना स्टीकर पानी बेच्ने बिक्रेताहरुलाई किन कारबाही भएन । खुलमखुल्ला बिना स्टीकर बेचेको पानीमा मरेको भ्यागुतो भेटिदा अब कसलाई कहिले कारवाही हुन्छ त ?

जिल्लामा खाद्य बस्तु अनुगमन गर्ने निकाय किन मौन रहयो या कहिले कहिले अनुगमन हुन्छ? मरेको भ्यागुतोको मानी पिउँदा उपभोक्तालाई कस्तो असर पर्यो ? बिना स्टीकरको पानी किन्ने केता र बिक्रेतालाई यो ज्ञान किन भएन ? शुक्रबार फेला परेको मरेको भ्यागुतो को पानीको जार कुन कम्पनीको हो भनेर कसरी पत्ता लगाउने ? कुनै पनि घटना घटीसकेपछि छानबिन गरेर कारवाही गर्ने कि घटना नै हुन नदिने ? मरेको भ्यागुतो फेला परको पानी खाँदा स्वास्थ्यमा के के असर पर्छ भनेर पनि खोज अनुसन्धान गर्ने कि ? जिल्ला प्रशासन कार्यालय र खाद्य तथा गुण नियन्त्रक बिभाग उदयपुरले अब यो घटनालाई कसरी सल्टाउँछ भन्ने विषय चासोको रुपमा लिइएको छ। अझै पनि मर को भ्यागुतो भेटिएको जारको पानी कुन कम्पनीको हो भनेर ठेगान लगाउन नसक्नु बजार अनुगमन नगर्नुको उपज हो। बजार अनुगमनमा तत्काल ताकेता गरौं ।

### गाईघाट बजारको खुद्रा तरकारी भाउ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ४० |
| २, अदुवा | रु १२० | १७, लोकल बोडी | रु १०० |
| ३, टमाटर | रु ५० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १६० |
| ५, भेन्टा | रु ४० | २०, लट्टे साग | रु ८० |
| ६, खुर्सानी | रु ७० | २१, प्याज | रु ६० |
| ७, मुला | रु १२० | २२, निगुरो | रु ६० |
| ८, पर्वल | रु ६० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु १०० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ७० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ४० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँक्रा | रु ५० | | |

# चौदण्डीगढीदेखि जिल्ला सम्वनय समितिसम्म मीना राईको यात्रा

भावना राई

उदयपुरका चौदण्डीगढी नगरपालिका वडा नं. १ का निर्वाचित सदस्य मीना राई स्वर्गीय पिता बखतहादुर राई र माता नरमायाका ८ सन्तानमध्ये कान्छी छोरी हुन्। उनी ४ वर्षको हुदा बुबा र ५ वर्षको हुदा आमाले सदाका लागि छोडेर गए ।

उनका २ जना दाइ र ५ जना दिदीहरु छन्। उनको जन्म खोटाङको पौवासेरा गाबिस वडा न. ८ सोरखानीमा भएको थियो । दाइहरु डम्बर राई, रामकुमार राई कृषीमा आधारित छन् । दिदीहरु भद्रकुमारी इण्डियामा, रामकुमारी मैनामैनी, बालकुमारी महिला स्वास्थ्य स्यमसेबिका, काइली र ठुली कान्छी वैदेशिक रोजगारका लागि रोमानियामा छन्।

उनले कक्षा ५ सम्म गडम्ला चौदण्डी गाबिस ७ मा, सेतिपुरमा कक्षा ८ सम्म मित बा आमाको घरमा बसेर पढेकी थिईन्। साथै बिराटनगरको शिवशक्ति बिद्यालयबाट एस . एल. सि. गरेकी हुन्। अहिले उनी कक्षा १२को परिक्षा दिन लागेकी छिन् । उनले २०५० सालमा भुपजित राईसँग बिबाह गरिन्। अहिले उनका पति बैदेशिक रोजगारको क्रममा रोमनियामा छन् ।

उनका १ छोरा र १ छोरी छन्। छोरी अप्सरा अहिले स्नाक चौँथो वर्षमा अध्यानरत छिन्। साथै मोडल सेन्टर र ब्युटिसियनमा पनि संलग्न छिन्। अप्सराले ४ वटा म्युजिक भिडियोमा अभिनयसमेत गरिसकेकी छिन्। छोरा आशिस काठमाडौँको सुकेधारा कलेजमा १२ कक्षा पढ्दैछन् । उनी गायनप्रति धैरै रुचि राख्छन् ।

मीनाले ०७४ को स्थानीयतह निर्बाचनमा ६ सय ६५ मत ल्याएर दुई जना प्रतिस्पर्धीलाई पराजित गर्दै वडा सदस्य जितेकी हुन् । त्यहाँका वडा अध्यक्ष रोहितकुमार तामाङ हुन्। उनी अनुगमनको लागि बेलका नगरपालिका, कटारी नगरपालिका, उदयपुरगढी गाउँपालिका, रौतामाई गाउँपालिका, ताप्ली गाउँपालिका र लिमचुङबुङ गाउँपालिका पुगेकी छिन् । अनुगमनमा सल्लाह सुझाव दिने र नमिलेको कामहरु पुन गर्न लगाउने गरिन्छ ।

जिल्ला समन्वयले कृषि, शिक्षा, सञ्चार, यातायातजस्ता आधारभुत बिकासहरु पनि हेर्ने गर्छ। उनले राजनीतिक दलमा लाग्छु जनप्रतिनिधि हुन्छु भन्ने उद्देश्य राखेकी थिइनन् । समाजसेवा गर्ने धारणा चाही थियो । गैरसरकारी संस्थाको प्यारालिगन कमिटीमा अध्यक्षको भूमिका निभाउँदै जाँदा उनी राजनीतिमा प्रवेश गरेर जिल्ला स्रोत सदस्य हुँदै मीना जिल्ला समन्वय सदस्य हुन पुगेर सिंगो जिल्ला घुम्न पाएको बताउछिन् ।

आफु यहाँसम्म पुग्नुमा सीताराम राई र पृथ्वी राईले ठूलो सहयोग गरेको उनको बुझाइ छ । चुल्हा चौकमा सीमित हुने महिलालाई घरबाहिर निस्कन सहयोग र प्रेरणा दिएको र डिआरजि मेम्बर बन्नलाई बलदेब चौधरीले सहयोग गरेको उनले सुनाईन् ।





Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# लिम्चुङबुङ गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**बाराहा,उदयपुर**
**१ नम्बर प्रदेश नेपाल**

## सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सुचना

दोस्रो पटक प्रकाशितमिति २०७८/५/२८

प्रस्तुत विषयमा यस लिम्चुङबुङ गाउँपालिकाको देहायका वडाहरुमा कम्प्युटर अपरेटर पदमा कर्मचारीहरु सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिसहित तोकिएको फारम भरी यस कार्यालयमा दरखास्त दिनु हुन अनुरोध छ।

तपसिल :

| क्र.सं. | विज्ञापन नं | पद | सेवा | तह | माग संख्या | | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | कम्प्युटर अपरेटर | विविध | चौथो | वडा नं २ | १ | रु. ५००। | सेवा करारमा |
| | | | | | वडा नं ४ | १ | | |

**१. शैक्षिक योग्यता :**

क) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषयलिई प्रवीणता पमाणपत्र तहवा सो सरह उतिर्ण गरेको ।

वा

मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तहवा सो सरह उत्तिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिमप्राप्त ।

वा

मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तहवा सो सरहउत्तीर्ण गरी विज्ञान तथाप्रविधि मन्त्रालयबाट क्पर्षीभम :बलउयधभच को लागि संचालित ६ महिनाको कम्प्युटर तालिमप्राप्त गरेको ।

२. उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा) र १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (पूरुषको हकमा)

३.दरखास्तदिने स्थान : लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहा, उदयपुरमा र यस गाउँपालिकाको ईमेल ठेगाना ito.limchunbunmun@gmail.com मार्फत समेत दरखास्तदिन सकिने।

४. दरखास्त दस्तुर बापतको रकम यस लिम्चुङबुङ गाउँपालिकामा रहेको नेपालएसबिआई (SBI) वैंक लिम्चुङबुङ शाखामा रहेको खाता नं. ४३२९५२४१२०७००४ (आन्तरिक राजश्वखाता) मा बुझाई सो को सक्कल रसिद दरखास्तफारम साथ राख्नु पर्नेछ ।

५. दरखास्तफारम पाईने स्थान : लिम्चुङबुङ गाउँपालिकाको कार्यालय साथै यस गाउँपालिकाको website: www.limchungbungmun.gov.np मा समेतपाउन सकिनेछ।

६. दरखास्तदिने अन्तिममिति : २०७८/६/१२ गते कार्यालय समयभित्रयदि सो दिन सार्वजनिकविदा पर्न गएमा सोको भोलिपल्ट समेत दिन सकिनेछ।

७. परीक्षामिति : कार्यालयले तोके बमोजिम ।

८. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूचीप्रकाशन, लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।

९. आवेदनतथा संलग्नकागजातपत्रहरु :आवेदक स्वंयले प्रमाणित गरेको देहायबमोजिमको प्रतिलिपिहरु,

क) नेपालीनागरिकताको प्रमाणीत प्रतिलिपि

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ) अनुभव भए अनुभव खुल्ने कागजातपत्र

ङ) २ प्रतिहाल सालखिचेको पासपोर्ट साईजको फोटो

१०.सेवा सुविधा : मासिक रु. २०,०००।(

विस्तृत जानकारीको लागिलिम्चुङबुङ गाउँपालिकाको सूचनाप्रविधिअधिकृत श्री विनय श्रेष्ठको सम्पर्क नं ९८५२८२९१०१ वा कम्प्यूटर अपरेटर श्री बिपन राईको सम्पर्क नं ९८६३८६९५१३ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत













# सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८११७५०८४४




विक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

## एमसीसी.....

पनि जनताको हैसियत परिवर्तन नभएको उनीहरुको ठहर थियो ।

३ वटा महमान् क्रान्तिले ल्याएको परिवर्तनबाट पनि संसदीय राजनीति नै अवलम्बन गरिएको भन्दै नेताहरुले तर, त्यसबाट जनताको स्तर यथावत रहेको बरु नेताहरु र निश्चित धनी बर्गको मात्र कायापलट भएको भन्दै त्यसले जनतामा तात्विक परिवर्तन नआउने हुनाले अव वैज्ञानिक समाजबादी व्यवस्था नै अन्तिम विकल्प रहेको उनीहरुको ठोकुवा थियो ।

बिप्लव नेतृत्वको नेकपाले उदयपुरसँगै देशव्यापी रुपमा एमसीसी विरुद्ध आन्दोलन सञ्चालन गरेको जनाएको छ । केहीदिनअघि मात्र नेकपाले एमसीसीको सम्झौतापत्र जलाएर सांकेतिक विरोध गरेको थियो ।










प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट